दर्ता नं: ३३० 
दर्ता मिति: २०८०।१०।१८

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

सिन्धुपाल्चोक, चौतारा

पत्र संख्या : ०८०।८१
चलानी नः १८५६

मिति:२०८०।१०।१८

विषय: छुट जग्गा दर्ता सम्बन्धी सूचना सम्बन्धमा।

श्री स्थानीय तह सबै,
सिन्धुपाल्चोक।

प्रस्तुत विषयमा नेपाल राजपत्र भाग ५ खण्ड ७३ संख्या ५० मिति २०८०।१०।११ गतेको प्रकाशित सूचनाबाट छुट जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले निवेदन दिने र यस अघिनै निवेदन परी फछ्यौट हुन बाँकी पुराना निवेदन फछ्यौंट गर्न २(दुई) वर्ष म्याद तोकी प्रकाशित भएको सूचना यसै पत्रसाथसंलग्न राखि पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

खेमराज उपाध्याय
प्रमुख मालपोत अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
१) वडा कार्यालय हरुलाई जानकारी गराउने। 
२) सूचनापाटीमा टाँस गर्ने। 
३) Web site मा अपलोड गर्ने।

फोन नं. : ०११-६२०१२०, ०११-६२०४७४
email:shindhupalchowk@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# मालपोत कार्यालय
सिन्धुपाल्चोक, चौतारा

पत्र संख्या : ०८०।८१
चलानी नः

मितिः२०८०।१०।१८

## छुट जग्गा दर्ता सम्बन्धी सूचना !!!

उपर्युक्त विषयमा मालपोत नियमावली २०३६ को नियम ४क बाट जग्गा नाँपजाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको जग्गा दर्ता गर्न सम्म छुट भएकोमा त्यस्ता जग्गा दर्ता गर्न चाहने जग्गावालाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको म्याद भित्र सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था भएको र नेपाल राजपत्र भाग ५ खण्ड ७३ संख्या ५० मिति २०८०।१०।११ गतेको प्रकाशित सूचनाबाट छुट जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले निवेदन दिने र यस अघि नै निवेदन परी फछ्र्यौट हुन बाँकी पुराना निवेदन फछ्र्यौट गर्ने म्याद सूचना प्रकाशन भएको मितिले २(दुई) वर्ष तोकेको हुँदा तपसिल बमोजिमका आवश्यक प्रमाण पुगेकाहरुको हकमा उक्त कागजातहरु मिसिलमा संलग्न राखी समयावधी भित्र सिफारिस सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सरोकारवालाहरुमा जानकारी गराइन्छ ।

तपशिल

१. साविक लगत (जग्गाको विवरण)
२. हकभोग प्रमाण
३. रैकर तर्फको लगतको फोटोकपी
४. २ नं रसिद (तिरोको निस्सा), १ नं अनुसूची
५. नाप-नक्सा भएकोमा नक्सा र फिल्डबुक उतार
६. सम्बन्धित गा.पा/न.पा. को किटानी सिफारिस
७. ७ नं फाँटवारीको प्रमाणित उतार (भूमि सुधार लागु हुँदा भरेको हदबन्दी सम्बन्धी फाराम)
८. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
९. मृत्यु दर्ता प्रमाणपत्र (ज.ध. मृतकको हकमा)
१०. नामसारी दर्ता भए साविक रैकर लगत मौजा,रैती नं (सि.नं), नक्सा नं खुल्ने भोगचलन तथा हकदार खुलेको किटानी सिफारिस
११. अन्य आवश्यक कागजातहरु

२०८०।१०।१८
खेमराज उपाध्याय
प्रमुख मालपोत अधिकृत
प्रमुख मालपोत अधिकृत